# कक्षा चारमा अध्ययनरत विद्यार्थीहरुको सस्वरवाचन क्षमता अध्ययन

रनमाया सुवेदी

परीक्षा क्रमाङ्क : २०४०१४२ (०६६)

क्याम्पस रोल्नं. : १६८ (०६५/०६६)

त्रि.वि.वि. दर्ता नं.: ६-१-२०३-१४-९७

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय नेपाली शिक्षा विभाग अन्तर्गत एम्.एड्. दोस्रो वर्षको नेपा.शि.५९८ पाठ्यांशको प्रयोजनका लागि

प्रस्तुत

## शोध पत्र

नेपाली शिक्षा विभाग

कनकाई बहुमुखी क्याम्पस

सुरुङ्गा, झापा

सन् २०१३/२०६९

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त

# कनकाई बहुमुखी क्याम्पस

सुरुङ्गा, झापा

फोन : ०२३५५०१५३
०२३५५०८५३
फ्याक्स : ०२३५५०८५३

च.नं

प.सं.

मिति :- ………………

**विषय : सिफारिस-पत्र ।**

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, नेपाली शिक्षा विभाग कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा अन्तर्गत स्नातकोत्तर तह एम. एड. द्वितीय वर्षका विद्यार्थी **श्री रनमाया सुवेदी**ले **'कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको सस्वरवाचन सम्बन्धी अध्ययन'** शीर्षकमा प्रस्तुत गर्नुभएको शोधपत्र मेरो निर्देशनमा तयार पार्नुभएको हो । निकै मेहनत र परिश्रमपूर्वक तयार पारिएको यस स्वतन्त्र शोधकार्यबाट म पूर्ण सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनको लागि सिफारिश गर्दछु ।

(तेजप्रसाद खनाल)

शोध निर्देशक

# कृतज्ञता ज्ञापन

मान्छेले आफ्नो श्रमको उच्चता दिनानुदिन हासिल गरिरहेको छ । तर उसले यसलाई निश्चितता दिने कुनै विन्दु भेट्टाएको छैन । मानवीय सिप र ज्ञानको विकास अझै जारी छ र यसको निरन्तरता पनि अवश्यम्भावी छ । नयाँ नयाँ खोज र अनुसन्धानले मानवीय ज्ञानको क्षितिज उघ्रँदो छ । चेतनशील प्राणीले ज्ञानलाई उच्चतातिर लैजानको निमित्त अनुसन्धान एउटा विशिष्ट साधन र प्रक्रिया नै रहेछ । यो प्रक्रियालाई विभिन्न क्षेत्रबाट विभिन्न किसिमले अगाडि बढाउने क्रममा शोधखोज अध्ययन अनुसन्धान निरन्तर नै भइरहेछन् । यसैक्रममा चौथो कक्षामा अध्ययनरत विद्यार्थीहरुको सस्वरवाचन सम्बन्धी अध्ययन शीर्षकको शोधपत्र पाँचथर जिल्लाका चार कक्षामा अध्ययन गर्ने विद्यार्थीहरुको सस्वरवाचन क्षमता हेर्ने उद्देश्यले तयार पारिएको हो । साथै अनुसन्धानमा सस्वरवाचनको पहिचान, वर्णन विश्लेषण, कमजोरीका कारण आदिका आधारमा निष्कर्ष निकाली निष्कर्ष कै आधारमा सुझावहरु दिने उद्देश्यले तयार पारिएको हो ।

जुनसुकै काम गर्दा पनि त्यसबाट सजिलै सफलता प्राप्त गर्न गाह्रो पर्छ । सस्वरवाचन जस्तो पढाइको विशिष्ट पक्षमा केन्द्रित रहेर अध्ययन अनुसन्धान गरी त्यसको हुबहु यथातथ्यात्मक स्वरुप प्रस्तुत गर्नुपर्ने हुँदा अनुसन्धानका क्रममा केही कठिनाइहरु खड्किए । यस क्रममा अनुसन्धानकर्तालाई परेको सम्पूर्ण अप्ठ्यारो स्थितिलाई मध्यनजर गरी शोधकार्यको थालनीदेखि अन्तिम रुप दिन अत्यन्तै व्यस्तताका बावजुद पनि हरपल समय दिई निर्देशन कार्यमा रहेर अमूल्य सल्लाह र सुझाव प्रदान गर्नुहुने शोधनिर्देशक समादरणीय गुरु तेजप्रसाद खनालज्यू प्रति सर्वप्रथम हृदयतः हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यसरी नै शोधपत्र तयारीको क्रममा आवश्यक सुझाव सल्लाह प्रदान गरी कार्य सफलताको लागि सहज बनाइदिनुहुने समादरणीय गुरु श्री शेरबहादुर वानियाँज्यू प्रति आभारी छु ।

भाषा शिक्षण गर्दा यसका विशिष्ट पक्षलाई तल्ला कक्षाहरुमा कसरी प्रयोग सञ्चालन गर्ने र त्यसबाट आएका सवल दुर्वल पक्षहरुलाई खुट्याएर त्यसको पालन र निराकरण कसरी गर्नुपर्छ भन्ने ज्ञान आफ्नो परिपक्व मगजले दिएर शोधकार्यलाई अझ अगाडि बढाउन सुझाव र सल्लाह दिनुहुने आदरणीय गुरु प्रा.डा. हेमाङ्गराज अधिकारीज्यू प्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु । उपयुक्त परिस्थितिको सिर्जना गर्दै आवश्यक सम्पूर्ण प्रशासनिक व्यवस्था मिलाई सहयोग पुर्‍याउनु हुने विभागीय प्रमुख प्रा. कमलप्रसाद

पोखेलज्यूप्रति कृतज्ञ छु । साथै शोधकार्यलाई अगाडि बढाउने क्रममा आवश्यक सल्लाह दिनुहुने क्याम्पस प्रमुख प्रा. त्रिलोचन मैनाली र उपप्राध्यापक जीवनाथ सुवेदी साथै नेपाली शिक्षा विभाग सुरुङ्गाको सहयोग बिर्सन सक्दिन ।

आफ्ना सारा व्यवहारिक समस्याहरुसँग संघर्ष गर्दै सन्तानलाई शिक्षा दिलाउन सदा दिलोज्यान दिएर लागिपरिरहनुहुने पूज्य पिता श्री छविरमण सुवेदी र ममतामयी माता श्री विष्णुमाया सुवेदीप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै घर गृहस्थीका लागि र हरेक व्यवहारिक कठिनाइलाई सुल्झाउँदै सहयोग गर्नुहुने जीवनसाथी सुरेशकुमार खतिवडा र शोधपत्र तयार गर्दा कुनै बाधा व्यवधान नपुऱ्याई सहयोग गर्ने प्यारी सुपुत्री यासुना खतिवडा पनि धन्यवादका पात्र छन् ।

अन्त्यमा शोधकार्यमा आफ्नो अमूल्य समय दिएर सहयोग पुऱ्याउनु हुने मित्र मित्रजङ्ग कार्की र अंग्रेजी विभागमा अध्ययनरत प्यारो भाइ नरेन्द्ररमण सुवेदीको सहयोग सदा अविस्मरणीय रहनेछ । शोधपत्र तयार गर्ने क्रममा भाषिक कठिनाइलाई समाधान गर्न सहयोग पुऱ्याइदिनु हुने श्री भानु उच्च माध्यमिक विद्यालय, अर्जुनधाराका शिक्षक श्री देवीप्रसाद गौतम, शोधपत्र उपयुक्त र उचित समयमा कम्प्युटर टाइप गरी सहयोग पुऱ्याउनु हुने आदरणीय भिनाजु श्री डिल्लीराम दाहाल र सहकर्मी शिक्षक श्री प्रेमप्रसाद भण्डारीज्यूप्रति हार्दिक आभार प्रकट गर्दछु । शोधपत्रको कम्प्युटर डिजाइनका साथै अन्तिम प्रुफ हेरी प्रस्तुतीयोग्य बनाइदिनुहुने खनाल कम्युनिकेशन, विर्तामोडका सञ्चालक श्री सि.एम. खनालप्रति हार्दिक आभार प्रकट गर्दछु ।

रनमाया सुवेदी
स्नातकोत्तर तह (एम. एड.) दोस्रो वर्ष
क्याम्पस रोल नं १६८ (०६५/०६६)
परीक्षा क्रमाङ्क २०४०१४२ (०६६)
शिक्षाशास्त्र सङ्काय
कनकाई बहुमुखी क्याम्पस
सुरुङ्गा, झापा

# शोधसार


शोधशीर्षक : कक्षा चारमा अध्ययनरत विद्यार्थीहरुको सस्वरवाचन क्षमता अध्ययन

शोधार्थी : रनमाया सुवेदी

शोध निर्देशकः तेजप्रसाद खनाल

विभाग क्याम्पसः नेपाली भाषा शिक्षा विभाग, कन्काई ब. क्याम्पस सुरुङ्गा, झपा

शैक्षिक सत्र : २०६७/२०६८

पृष्ठ संख्या : ६४ + ९ = ७३

जम्मा अध्याय : चार

शोध प्रक्रिया : प्रस्तुत शोधपत्र त्रि.वि.वि. शिक्षाशास्त्र संकाय नेपाली भाषा शिक्षण विभाग अन्तर्गत एम्.एड्. दोस्रो वर्षको ने.पा.शि. ५९८ पाठ्यांशको आवश्यकता पूर्तिका लागि तयार पारिएको हो ।

यो शोधकार्य मुख्य रुपमा कक्षा चारमा अध्ययनरत विद्यार्थीहरुको सस्वरवाचन क्षमताको अध्ययन गर्ने नेपाली भाषा पहिलो र दोस्रो भएका सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको सस्वरवाचन सम्बन्धी समस्या र तिनका कारणहरु पत्ता लगाउने र समस्या समाधानका लागि सुझावहरु प्रस्तुत गर्ने उद्देश्यहरुमा केन्द्रित रहेको छ । यस अध्ययनका लगि मुख्य रुपमा क्षेत्रीय सामग्री संकलन विधिका साथै पुस्तकालयीय विधिमा आधारित भई सामग्री संकलन गरिएको छ ।

चार अध्यायमा संरचित यस अध्ययनको प्रथम अध्यायमा शोध परिचय, दोस्रो अध्यायमा सस्वरवाचनको सैद्धान्तिक अवधारणा, तेस्रो अध्यायमा व्याख्या तथा विश्लेषण र चौथो अध्यायमा निष्कर्ष र सुझावहरु प्रस्तुत गरिएका छन् :

१. विद्यार्थीहरुको क्षमता, गति, यति, विराम चिह्नहरुको ख्याल, हाउभाउको सन्तुलन, विधानुसार भावाभिव्यक्तिमा मध्यस्तर, आघात, लय र स्वर प्रसारणमा निम्न स्तर, बोधगम्यता र स्पष्ट उच्चारणमा उत्तम स्तरको पाइयो ।

२. तालिम प्राप्त र सक्षम शिक्षकको अभाव, भाषिक सिप विकासको दृष्टिले भाषा शिक्षण नगरिनु, दोस्रो भाषिकाका लागि अनुकूल किसिमको भाषिक वातावरण उपलब्ध नहुनु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुमा सस्वर वाचन सम्बन्धी समस्या देखा परेको पाइयो ।

३. तालिम प्राप्त र सक्षम नेपाली भाषाकै शिक्षकले नेपाली भाषा पढाउनुपर्ने, भाषिक सिप विकासका दृष्टिले भाषा शिक्षण गरिनुपर्ने, दोस्रो भाषीका लागि अनुकूल हुने गरी भाषिक वातावरण सिर्जना गर्नुपर्ने, लिम्बू भाषीको र मातृभाषी प्रभाव हटाउनुपर्ने देखिन्छ ।


रनमाया सुवेदी

स्नातकोत्तर तह, द्वितीय वर्ष

क्रमाङ्क : २०४०१४२

शिक्षाशास्त्र नेपाली विभाग

कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा, झापा

# विषय सूची

## अध्याय एक

## शोध परिचय


| | | |
|---|---|---|
| १.१ | शोध शीर्षक | १ |
| १.२ | शोध प्रयोजन | १ |
| १.३ | समस्याकथन | १ |
| १.४ | उद्देश्य कथन | ४ |
| १.५ | अध्ययनको औचित्य र महत्व | ४ |
| १.६ | सीमाङ्कन | ६ |
| १.७ | पूर्वकार्यको सीमक्षा | ६ |
| १.८ | अध्ययन विधि | १७ |
| १.८.१ | नमुना छनोट | १७ |
| १.८.२ | सामग्री निर्माण | १८ |
| १.८.३ | पूर्व परीक्षण | १९ |
| १.८.४ | अन्तिम परीक्षण र तथ्य सङ्कलन | १९ |
| १.८.५ | व्याख्या विश्लेषण र प्रस्तुतीकरण | १९ |


## अध्याय दुई

## सस्वरपठनको सैद्धान्तिक अवधारणा र यसका आधारहरू


| | | |
|---|---|---|
| २.१ | परिचय र सैद्धान्तिक अवस्था र यसका आधारहरू | २१ |
| २.२ | सस्वरपठनको अध्ययनका आधारहरू | २४ |
| २.३ | सस्वरपठनमा हुनु पर्ने कुराहरू | २६ |
| २.४ | सस्वरपठनमा हुन नहुने कुराहरू | २७ |

## अध्याय तिन

## सस्वरपठनको व्याख्या तथा विश्लेषण


| | | |
|---|---|---|
| ३.१ | परिचय | २८ |
| ३.२ | गति, यति सम्बन्धी अध्ययन | २९ |
| ३.२.१ | गति यति सम्बन्धी उत्तम र अत्युत्तम स्थिति | ३० |
| ३.२.२ | गति, यति सम्बन्धी निम्न स्थिति | ३१ |
| ३.३ | विराम चिह्नको ख्याल | ३२ |
| ३.३.१ | विराम चिह्न सम्बन्धी अत्युत्तम र उत्तम स्थिति | ३४ |
| ३.३.२ | विराम चिह्न सम्बन्धी निम्न स्थिति | ३५ |
| ३.४ | हाउभाउको सन्तुलन | ३५ |
| ३.४.१ | हाउभाउ सम्बन्धी अत्युत्तम र उत्तम स्थिति | ३७ |
| ३.४.२ | हाउभाउ सम्बन्धी निम्न स्थिति | ३८ |
| ३.५ | विधानुसारका भावाभिव्यक्ति | ३८ |
| ३.५.१ | विधा अनुसारको भावाभिव्यक्तिमा अत्युत्तम र उत्तम स्थिति | ४० |
| ३.५.२ | विधा अनुसारको भावाभिव्यक्तिमा निम्न स्थिति | ४० |
| ३.६ | सुर, लय र आघात सम्बन्धी अध्ययन | ४१ |
| ३.६.१ | सुर, लय, आघात सम्बन्धी अत्युत्तम र उत्तम स्थिति | ४३ |
| ३.६.२ | सुर, लय र आघात सम्बन्धी निम्न स्थिति | ४३ |
| ३.७ | सस्वरवाचनम बोधगम्यता | ४४ |
| ३.७.१ | बोधगम्यता सम्बन्धी अत्युत्तम र उत्तम स्थिति | ४५ |
| ३.७.२ | बोधगम्यता सम्बन्धी निम्न स्थिति | ४६ |
| ३.८ | स्पष्ट उच्चारण | ४७ |
| ३.८.१ | स्पष्ट उच्चारण सम्बन्धी अत्युत्तम र उत्तम स्थिति | ४८ |
| ३.८.२ | स्पष्ट उच्चारण सम्बन्धी निम्न स्थिति | ४९ |
| ३.९ | सस्वरवाचनमा हुनु पर्ने पक्षहरू | ५० |

## अध्याय चार

## निष्कर्ष र सुझाव


| | | |
|---|---|---|
| ४.१ | निष्कर्ष | ५५ |
| ४.२ | सरसवरवाचनमा हुने समस्याहरु | ५२ |
| ४.३ | सुझाव | ६० |
| ४.४ | भावी अध्ययनका लागि सम्भावित शीर्षकहरू | ६४ |

सन्दर्भग्रन्थ सूची

परिशिष्ट

# तालिका सूची


तालिका नं. १ गति,यति सम्बन्धी अध्ययन

तालिका नं. २ विराम चिह्नको प्रयोग सम्बन्धी अध्ययन

तालिका नं. ३ हाउभाउको सन्तुलन सम्बन्धी अध्ययन

तालिका नं. ४ विधाअनुसारको भावाभिव्यक्ति सम्बन्धी अध्ययन

तालिका नं. ५ सुर, लय,आघात सम्बन्धी अध्ययन

तालिका नं. ६ सस्वरवाचनमा बोधगम्यता सम्बन्धी अध्ययन

तालिका नं. ७ स्पष्ट उच्चारण सम्बन्धी अध्ययन

तालिका नं. ८ सस्वरवाचनमा हुनुपर्ने पक्षहरूको अध्ययन